# स्थानीय राजपत्र

पालुङटार नगरपालिकाद्धारा प्रकाशित

खण्ड ७ संख्या १० मिति २०८०/०५/२८

पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**भाग २**

## पालुङटार नगरपालिका मर्मत सम्भार कोष (सञ्चालन) कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०५।२६

**प्रस्तावनाः** भौतिक संरचनाको निर्माण पश्चात त्यसको उपभोगलाई निरन्तर कायम राख्नको लागि मर्मत गर्नु पर्ने आवश्यकता भएको हुनाले सडक, खानेपानी, विद्युत, सिंचाई, भवन जस्ता भौतिक पूर्वाधारहरुको मर्मतलाई व्यवस्थित र दिगो बनाउनको लागि मर्मत सम्भार कोष स्थापना गरी कोष सञ्चालन गर्न वाञ्छनीय भएकोले पालुङटार नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी पालुङटार नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम “पालुङटार नगरपालिका मर्मत सम्भार कोष ( सञ्चालन) कार्यविधि २०८०” रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि नगरपालिका भित्र लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "उपभोक्ता समिति" भन्नाले नगरपालिकाको टोल र वस्ती क्षेत्रमा सञ्चालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना सञ्चालन गर्न बनेको समिति सम्झनु पर्दछ ।

(ख) "कार्यविधि" भन्नाले "मर्मत सम्भार कोष (सञ्चालन) कार्यविधि, २०८०" सम्झनु पर्दछ ।

(ग) "कोष" भन्नाले दफा ५ बमोजिमको मर्मत सम्भार कोष सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "नगर उप प्रमुख" भन्नाले पालुङटार नगरपालिकाको नगर उप प्रमुखलाई सम्झनु पर्दछ ।

(च) "नगर प्रमुख" भन्नाले पालुङटार नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पालुङटार नगरपालिकाको प्रशासकीय प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) "समिति" भन्नाले दफा ३ बमोजिमको समिति सम्झनु पर्दछ ।

## परिच्छेद २
## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**३. व्यवस्थापन समिति :** (१) मर्मत सम्भार कोषलाई प्रभावकारी र भरपर्दो रुपमा सञ्चालन गर्नको लागि देहाय बमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहनेछ :-

| | |
|---|---|
| (क) नगर प्रमुख | - अध्यक्ष |
| (ख) नगर उपप्रमुख | - सदस्य |
| (ख) पूर्वाधार विकास समितिको संयोजक | - सदस्य |
| (ग) वन, वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक | - सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |

(ङ) नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट १ जना महिला - सदस्य

(च) भौतिक पूर्वाधार तथा विकास शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ । तर आवश्यक परेमा अध्यक्षको आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

(३) बैठक भत्ता नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(४) बैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

४. **मर्मत सम्भार कोष व्यवस्थापन समितिको काम, कर्तव्य :** मर्मत सम्भार कोष व्यवस्थापन समितिको काम र कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) मर्मत सम्भार सम्बन्धी वार्षिक कार्यक्रम तयार गरी स्वीकृतिको लागि नगर कार्यपालिका मार्फत नगर सभामा पेश गर्ने,

(ख) स्वीकृत वार्षिक कार्यक्रम/योजना बमोजिम लागत अनुमान तयार गरी निर्माण र मर्मत कार्यको अन्य प्रक्रिया अगाडि बढाउने,

(ग) मर्मत सम्भार सम्बन्धी कार्यको अनुगमन तथा गुणस्तर नियन्त्रण चेक जाँच गर्ने/गराउने,

(घ) मर्मत सम्भार सम्बन्धी कार्यको मासिक, चौमासिक र वार्षिक प्रगति विवरण तयार गर्ने,

(ङ) कार्यक्रममा नपरेका तर विशेष कारणबाट कुनै योजना मर्मत सम्भार गर्नु परेमा सोही व्यहोरा खुलाई लागत अनुमान तयार गरी नगर कार्यपालिका समक्ष पेश गर्ने,

(च) विपद परी अकस्मात कुनै आयोजना मर्मत सम्भार गर्नु परेमा लागत इष्टिमेट तयार गरी नगर कार्यपालिका समक्ष आवश्यक थप बजेट स्वीकृतिका लागि पेश गर्ने,

(छ) मर्मत सम्भार सम्बन्धी वेरुजु फछ्र्यौट एवं वेरुजु न्यूनीकरण गर्ने/गराउने,

(ज) टोल तथा वडाबाट आएका मर्मत सम्बन्धी मागहरुलाई सूचीकृत गरी प्राथमिकीकरण गर्ने,

(झ) नगरपालिकाको भौतिक सम्पत्तिको संरक्षण गर्ने गराउने ।

## परिच्छेद ३
## कोषको स्थापना, सञ्चालन तथा खर्च प्रणाली

**५. कोष स्थापना :** मर्मत सम्भार कोषको नाममा एउटा छुट्टै कोषको स्थापना गरिने छ जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ :-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(ग) नगर सभाबाट विनियोजित भएको रकम,

(घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त हुने रकम,

(ङ) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने पूर्वाधार विकास सम्बन्धी योजनाहरुको बिनियोजित रकमको २ % ले हुन आउने रकम,

(च) अन्य स्थानीय तहबाट मर्मत सम्भार वापत प्राप्त हुने रकम,

(छ) विविध ।

**६. कोष सञ्चालन :** (१) कोषको नाममा प्राप्त हुन आएको रकम पालुङटार नगरपालिकाको नाममा मर्मत सम्भार कोष खाता खोली जम्मा गरिनेछ ।

(२) कोषको खाता नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

**७. कोषको खर्च प्रणाली :** मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको पूर्वाधार विकासको मर्मत सम्भारको आकस्मिक, आवधिक र नियमित मर्मत सम्भार सम्बन्धी कार्यमा मात्र खर्च गरिनेछ :-

(क) सडक, कल्भर्ट, पूल, ढल आदिको मर्मत सम्भार सम्बन्धी कार्य,

(ख) सिंचाई, खानेपानी, विद्युत, सार्वजनिक स्थलको मर्मत सम्भार सम्बन्धी कार्य,

(ग) विद्यालयको भौतिक पूर्वाधार मर्मत सम्बन्धी कार्य,

(घ) सार्वजनिक निकायका भौतिक संचरना एंव भवनहरुको मर्मत सम्भार सम्बन्धी कार्य ।

## परिच्छेद ७
## विविध

८. **मर्मत सम्भारको लागि छनौटको मापदण्ड :** उपभोक्ता समितिबाट वा वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समितिबाट नियमित, पटके वा आवधिक मर्मत सम्भारका लागि एकीकृत वार्षिक कार्यक्रममा समावेश गर्न भनी माग भई आएका योजनाहरु र नगरपालिकाले आवश्यक ठानेका देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ ।

(क) सबैभन्दा बढी क्षति भएको भौतिक संरचनाहरु,

- ✓ खानेपानी आयोजनाहरु
- ✓ क्षतिग्रस्त निजि आवसिय  भवन तथा सरकारी/सार्वजनिक भवनहरु
- ✓ सिंचाइ आयोजनहरु

(ख) नगर यातायात गुरुयोजना (MTMP) मा परेका सडकहरु,

(ग) भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा,

(घ) लाभान्वित हुने जनसंख्या वा घरधूरीको आधारमा,

(ङ) मर्मत सम्भारबाट हुने आर्थिक लाभको आधारमा,

(च) सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यकताको आधारमा,

(छ) दुई वा दुई भन्दा बढी स्थानीय तहलाई जोड्ने सडक, कृषि सडक, ग्रामिण सडक, पुल पुलेसा, कल्भर्ट, कुलो पैनी, बाँध आदी ।

९. **प्राथमिकताक्रम :** मर्मत सम्भार कार्यको प्राथमिकता उपलब्ध साधन र श्रोतलाई ध्यान दिइ देहाय बमोजिमको आधारमा प्राथमिकता तोकी कार्य सञ्चालन गरिने छ ।

(क) आकस्मिक मर्मत सम्भार

(ख) आवधिक मर्मत सम्भार

(ग) नियमित मर्मत सम्भार

(घ) पटके मर्मत सम्भार

(ङ) रोकथाममूलक मर्मत सम्भार

**१०. मर्मत सम्भार गर्ने कार्यको लागत अनुमान तयार गर्नु पर्ने :** पालुङटार नगरपालिका भित्रका पूर्वाधारहरुको मर्मत सम्भार गर्नु पर्ने देखिएमा सम्बन्धित वडा प्राविधिक मार्फत भौतिक पूर्वाधार तथा विकास शाखाले लागत अनुमान तयार गर्नु पर्नेछ ।

**११. मर्मत सम्भार कार्य गराउने व्यवस्था :** (१) नगरभित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

(२) नगरपालिका क्षेत्रभित्र रहेको भौतिक संरचना नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार र रोकथाममूलक मर्मत सम्भार प्रचलित कानुन बमोजिम हुनेछ ।

**१२. कोषको लेखा परिक्षण :** (१) कोषको आन्तरिक लेखा परीक्षण आन्तरिक लेखा परीक्षकले गर्नेछ ।

(२) कोषको अन्तिम लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

**१३. व्याख्या, संशोधन र खारेजी :** यस कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।

**१४. आवश्यक नियम बनाउन सक्ने :** यस कार्यविधिको प्रभावकारी कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यक नियम बनाई लागू गर्न सक्नेछ ।

**१५. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिएकमा सम्पूर्ण कुरा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

आज्ञाले,
गौतम भण्डारी
प्रमुख प्रसाशकीय अधिकृत